श्री मखमलि सामुदायिक वन उपभोक्ता समूह
मरिण गा.पा वडा नं. ७, सिन्धुली

काठ दाउरा बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

श्री प्रभाव दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२०

यस सा.व.उ.स.को स्वीकृत विधान तथा वन व्यवस्थापन कार्ययोजना र समूहको निर्णय अनुसार **श्री डिभिजन वन कार्यालय मरिण, सिन्धुलीको च.न. २३१ मिति २०८३।०४।१९** गतेको लिलाम सहमति पत्र अनुसार तपसिल बमोजिमको लट नं., जात, थान, परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा समूह वाहिर लिलाम बिक्री गर्न लगत समर्थन भई आएको हुदाँ देहाय बमोजिमको वन पैदावार तपसिलमा उल्लेखित मूल्यमा नघटाई निम्न लिखित शर्त एवं योग्यता भएका बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र यस समूहले जारी गरेको बोलपत्र फारम खरिद गरि २२ औं दिनमा दिनको १२:०० बजे भित्र उक्त फारम भरी लट वाईज शिलबन्दी खाममा राखि बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत जानकारी लिनु परेमा समूहको कार्यालयमा सर्म्पक राख्न जानकारी गराईन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

लट नं.	जात	ए ग्रेड		बि ग्रेड		सि ग्रेड		जम्मा		न्यूनतम मुल्य	कैफियत
		थान	परिमाण	थान	परिमाण	थान	परिमाण	थान	परिमाण		
१	खयर स्यापउड सहित							७३९	६२६.६५८१	६२६६५८.१०	
जम्मा								७३९	६२६.६५८१	६२६६५८.१०	

२. लिलाममा भाग लिने क्रममा बोलपत्र फारम खरिद गर्दा तथा शिलवन्दी बोलपत्र बुझाउँदा वन नियमावली २०७९ को नियम २५(३) र नियम १२८ बमोजिम योग्यता भएका काठ दाउरामा आधारित उद्योगले मात्र खरिद गर्न सक्ने छन् । उक्त उद्योगले कारोवार उल्लेख भएको आयकर दर्ताप्रमाण पत्र/स्थायी लेखा नम्वर PAN भएको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, फर्म नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहितको कागजात बोलपत्रसाथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. सूचना प्रकाशित भएको मिति देखि २१ औं (२०८३/०५/०९) दिनको ५.०० वजे भित्र तोकिएको रकम तिरी बोलपत्र सा.व.उ.स.र डि.व.का. मरिण वाट खरिद गरि लट वाईज सिलवन्दी बोलपत्र २२ औ (२०८३/०५/१०) दिनको १२:०० वजेसम्म सोही निकायमा दाखिला गर्न सकिनेछ ।

४. बोलपत्रसाथ सकार रकमको १०% धरौटी वापतको रकम श्री राष्ट्रिय वाणिज्य बैंक कपिलाकोट सिन्धुली शाखाको चल्ती खाता नं. **१५३०१०००००१६२२००१** मा जम्मा गरेको सक्कल भौचर पेश हुनु पर्नेछ ।

५. लिलाम वढावढ हुने वन पैदावर कार्यालय खुलेको समय भित्र यस सा.व.उ.स.को **सुकेदमार मरिण ७ मा** रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. दर्ता हुन आएका बोलपत्र समूहको कार्यालयमा प्राप्त भए पश्चात स्थानीय निकायका प्रतिनिधी, सव डि.व.का. प्रतिनिधि, बोलपत्र दाता वा निजको प्रतिनिधी, समूहको पदाधिकारीहरु समेतको रोहवरमा बोलपत्र खोलिने छ साथै बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

७. बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा खोलिने छ र बोलपत्र सम्बन्धि विवाद भएमा सोको अन्तिम टुङ्गो कार्य समितिले लगाउने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको मूल्य, राजश्व, मु.अ.कर तथा संकलन खर्च बुझाउनु पर्नेछ । अन्यथा नियमानुसार भै जानेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स.मा निहित रहनेछ ।

११. उपरोक्त वन पैदावार विक्री एंव निकासी सम्वन्धि अन्य कुराहरु प्रचलित ऐन नियम निर्देशिका बमोजिम हुनेछ ।

१२. विस्तृत जानकारीका लागि समूहको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्नुहोला ।